कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वनियानी, झापा
१ नं. प्रदेश, नेपाल

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

# शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मिति :२०७७।०६।२६

विश्वव्यापी महामारीका रुपमा रहेको कोरोना भाईरस कोभिड १९ का कारणले सो संक्रमण रोकथाम र नियन्त्रणका लागि यस गाउँपालिकाबाट विभिन्न समयमा विभिन्न गतिविधिहरु सञ्चालन भईरहेका छन् । तत् सम्वन्धमा यस गाउँपालिकाको वडा नं. ५ मा कोरोना संक्रमितहरु राख्नका लागि स्थापना गरिएको आइसोलेसनमा बसेका मानिसहरुका लागि खाना र खाजाको आवश्यक व्यवस्थाका लागि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही सोको आपूर्तिका लागि ७ (सात) दिने दरभाउपत्र सूचना प्रकाशन गरिएको व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## शर्तहरु:-

१. तपशिलमा उल्लेख भए अनुसारको दस्तुर (पछि फिर्ता नहुने गरि) कचननकवल गाउँपालिकाको एन.आई.सि.एसिया बैंकमा रहेको खाता नं. 67CA051019752404 मा जम्मा गरेको सक्कल भौचर साथ सम्वन्धित व्यवसायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, कर तरेको रसिद, PAN NO. को प्रतिलिपी संलग्न राखी सूचना प्रकाशन भएको मितिले ७ औ दिन भित्रमा कार्यालयबाट रु १०००।- तिरी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र भरी नियमपूर्वक सूचना प्रकाशन भएको मितिले ८ औ दिन दिनको १२ बजेभित्रमा कार्यालयमा दर्ता गराईसक्नुपर्नेछ र दर्ता हुन आएका दरभाउपत्र सोहि दिन दिनको १ बजे कार्यालयका प्रतिनिधिहरु, दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम हुनेछ ।

४. दरभाउपत्र अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको स्थानमा दरभाउपत्रदाताको सहिछाप भएको हुनुपर्नेछ ।

५. खाजा तथा खाना प्याक गरि गाउँपालिकाले निर्माण गरेको आइसोलेसनमा सम्वन्धित व्यवसायीले पुऱ्याउनु पर्ने छ ।

६. खाजा तथा खानाको गुणस्तर समय समयमा चेक जाँच गरिनेछ । चेकजाँचका बखत खाजा तथा खाना गुणस्तरहीन पाईएमा रकम भुक्तानी हुने छैन ।

७. रीत नपुगी वा म्याद नाघी पेश भएका दरभाउपत्र उपर कारवाही हुने छैन ।

८. दरभाउपत्रको मूल्याङ्कन गर्दा औषतमा सवैभन्दा कम मूल्याङ्कन रकम भएको दरभाउपत्रलाई स्वीकृत गरिनेछ ।

९. दरभाउपत्र कार्यालयको हितमा पूरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१०.यस सूचना वमोजिम सारभूत रुपमा प्रभावग्राही सवैभन्दा न्यूनतम् मूल्यांकित दरभाउपत्र पेशकर्तासँग कार्यक्रम सम्झौता यस गा.पा.को आइशोलेशन वार्ड संचालनमा आएपछि मात्र गरिने छ ।

११. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१२. थप जानकारीको लागी यस कार्यालयको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

## तपशिल :-

| सि.नं. | विवरण | धरौटी रकम | दरभाउ दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | **विहानको खाजा नास्ता (विहान ७ बजे) :**<br>(क) अनारको जुस २५० मि.लि.<br>(ख) ब्रेड २ (जाम सहित)/ रोटी (२) सब्जी | १,००,०००।- | १०००।- | खाजा, खाना प्रतिप्याकेज दररेट |
| २ | **विहानको खाना (१०:००-१०:३०) बजे**<br>(क) दाल, भात, हरियो साग, गेडागुडी, अचार,कागती सलाद आदि | | | |
| ३ | **दिउँसोको खाजा २:३० बजे**<br>(क) चिउरा/भुजा,चना/छोला, स्याउ/अनार/केरा/काका-१, काजु-५ दाना ,चिया, पानी | | | |
| ४ | **बेलुकाको खाना (६:३०-७:००) बजे**<br>(क) दाल, भात, हरियो साग, गेडागुडी, अचार, कागती सलाद आदि<br>(ख) हप्ताको ४ छाक : माछा/खसीको मासु/कुखुराको मासु/अण्डा करी १/१ छाक | | | |

बोधार्थ :- श्री सूचना प्रविधि शाखा (वेभ साईटमा अपलोड गरिदिनुहुन ।)

Scanned with CamScanner